**१. सक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम " तिनाउ गुणस्तरीय शैक्षिक विकास तथा साक्षरता सुधार परियोजना कार्यक्रम संचालन कार्यविधि २०८२ " हुनेछ ।

(ख) यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क. "गाउँपालिका" भन्नाले तिनाउ गाउँपालिका सम्झनु पर्छ ।

ख. "कार्यपालिका" भन्नाले तिनाउ गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग. "विद्यालय" भन्नाले तिनाउ गाउँपालिका क्षेत्रभित्र संचालित विद्यालयहरु सम्झनु पर्छ ।

घ. "वि व्य स " भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

ङ. "शिक्षक" भन्नाले विद्यालयहरुमा नियमित पठनपाठन गर्ने दरवन्दीमा कार्यरत (स्थायी अस्थायी करार राहत) तथा गाउँपालिका अनुदानमा कार्यरत शिक्षक वा कर्मचारी सम्झनु पर्छ । यसले वालकक्षामा कार्यरत वालकक्षा शिक्षक र शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षक समेत लाई जनाउदछ ।

च. "शिक्षा शाखा " भन्नाले तिनाउ गाउँपालिकाको शिक्षा हेर्ने शाखा सम्झनुपर्दछ ।

छ. " समिति " भन्नाले तिनाउ गाउँपालिकाको शिक्षा ऐन २०७६द्धारा गठित गाउँ शिक्षा समिति लाई सम्झनु पर्छ ।

ज. "कार्यविधि" भन्नाले " तिनाउ गुणस्तरीय शैक्षिक विकास तथा साक्षरता सुधार परियोजना कार्यक्रम संचालन कार्यविधि २०८२" सम्झनु पर्छ ।

झ. अन्य शब्द पदावली र नामावलीको अर्थ प्रचलित ऐन कानुन र नियमानुसार हुनेछ ।

ञ. यो कार्यविधि तिनाउ गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

**३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः**

क.संघ र प्रदेशबाट गाउँपालिकामा विशेष अनुदान कार्यक्रम तोकिएर हस्तान्तरण भई प्राप्त हुन आएका कार्यक्रमहरुको मार्गदर्शन दिन

ख.विशेष अनुदान कार्यक्रमको कार्यान्वयन अनुगमन एवम् प्रगति मापन गर्न ।

ग. विद्यालयको शैक्षिक ,भैतिक कार्यक्रमलाई व्यवस्थित गर्न ।

घ. स्थानिय तहमा शिक्षा सम्बन्धि दीगो सुधार गर्ने ।

**४. कार्यक्रम संचालन प्रक्रियाः**

क. भौतिक र शैक्षिक कार्यक्रम संचालनको लागि विद्यालयलाइ सुचना आव्हान गरी प्रस्ताव माग गरीनेछ।

ख. प्राप्त प्रस्तावनाहरुको कार्यक्रम व्यवस्थापन समितिबाट अध्ययन गरी विद्यालयको आवश्यकता र कार्यक्रमको दोहोरोपन नपर्ने गरी कार्यक्रम वितरण गरीनेछ ।

ग. सार्वजनिक ऐन नियमावलिको परिधिमा रहि सामग्री खरिद गरी विद्यालयलाई शैक्षिक सामाग्री वितरण गरिनेछ ।

घ. विद्यालयको भौतिक कार्यक्रम प्राविधिक अनुगमन तथा मुल्यांकनको आधारमा गरिनेछ ।

**५. सरोकारवाला निकायहरुः**

सामुदायिक विद्यालयहरु
समुदाय केन्द्रित शैक्षिक कार्यक्रमहरु
बाल विकास केन्द्र
विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ शिक्षक र विद्यार्थीहरु

**६. कार्यक्रम व्यवस्थापन समिति**

१.कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ

| | |
|---|---|
| (क) प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| (ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग) भौतिक पूर्वाधार शाखा प्रमुख | सदस्य |
| (घ) जिन्सी शाखा प्रमुख | सदस्य |
| (ङ) शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) कार्यक्रम संचालनको लागि जिम्मेवारी तोक्ने ।

(ख) कार्यक्रमको कार्यान्वयनको लागि अनुगमन स्थलगत निरीक्षण गर्ने ।

(ग) कार्यक्रमको प्रभावकारीताको लागि आवश्यक मार्गदर्शन प्रदान गर्ने ।

**७. विविध**

(क)यो कार्यविधिमा उल्लेख गरिएका कराहरु यसै वमोजम तथा उल्लेख नगरिएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ ।

(ख) बचाउ तथा खारेजी : यस कार्यविधिमा उल्लिखित कुनै प्रावधान वा विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ । ।

(ग) बाझिएमा अमान्य हुने : यस कार्यविधिमा उल्लेख भएका व्यवस्था तथा प्रावधान प्रचलित कानुनसँग बाझिएमा हदसम्म अमान्य हुनेछ ।

## अनुसूची १

## कार्यक्रम प्रस्तावनाको ढाँचा

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू

तिनाउ गाउँपालिका  दोभान पाल्पा

विषय कार्यक्रम माग सम्बन्धमा ।

प्रस्तुत विषयमा त्यस गाउँपालिकाको आ व ०८२।०८३ को तिनाउ गुणस्तरीय शैक्षिक विकास तथा साक्षरता सुधार परियोजना कार्यक्रम अन्तर्गत तपसिलको कार्यक्रमको लागि निम्नानुसार विवरण सहित यो आवेदन पेश गरेको छु ।

१ विद्यालयको नामः

ठेगानाः

प्रधानाध्यापकको नामः                                          सम्पर्क नः

२ विद्यार्थी संख्या

| क स | कक्षा | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

३ शिक्षक दरबन्दी

| क स | तह | स्वीकृत दरबन्दी | राहत | निजी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४ विषयगत शिक्षक कर्मचारी विवरण

| शिक्षक कर्मचारीको नाम | योग्यता | तह | विषय | प्रकार स्थायी अस्थायी राहत निजी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

५ विद्यालयको भौतिक संरचनाको अवस्था

भवनको अवस्था

कक्षाकोठाको अवस्था

बालविकास कक्षाका लागि सिकाइ सामाग्रीको अवस्था

खानेपानीको अवस्था

शिक्षण सिकाइ सामाग्रीको अवस्था

शौचालय विवरण

पुस्तकालय

इन्टरनेट

विज्ञान प्रयोगशाला

कम्प्युटर ल्याव

६ नतिजा विवरण विगत ३ वर्षको  उत्तिर्ण प्रतिशत

| शैक्षिक वर्ष | कक्षा ५ | कक्षा ८ | कक्षा १० | कक्षा १२ | कैफियत |
|---|---|---|---|---|---|
| २०७९ | | | | | |
| २०८० | | | | | |
| २०८१ | | | | | |
| | | | | | |

७ माग गरीएको कार्यक्रमको संक्षिप्त विवरण

विज्ञान प्रयोगशाला

कम्प्युटर ल्याव

गणित ल्याव

पुस्तकालय

बाल कक्षा सजावट

विद्यालय मर्मत

अभिभावक शिक्षा

सूचना संचार प्रविधि व्यवस्थापन

८ विद्यालयले पेश गर्नुपर्ने अन्य कागजातहरु

आ व ०८१।०८२ को सामाजिक परीक्षण

विद्यालय सुधार योजना

शैक्षिक व्यवस्थापन सुचनाप्रणालीमा तथ्यांक अद्यावधिक गरेको प्रमाण

अन्य निकायबाट यस प्रकारको कार्यक्रम नपरेको प्रतिवद्धता पत्र

**प्रमाणीकरण मिति : २०८२/०६/०७**

**आज्ञाले,**
दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत
तिनाउ गाउँपालिका